ehetaudasandesh.com

हेटौंडा राष्ट्रिय दैनिक

२५औं वर्ष

# सन्देश

प्रदेश "क" वर्ग

Hetauda Sandesh Daily

वर्षः २५ ॥ अंकः २९४ ॥ मंगलबार ०१ बैशाख २०८३ ॥ द्वादशी ॥ ने.सं. ११४६ ॥ चौलागा ॥ Tuesday 14 April 2026 ॥ पृष्ठ : ४ ॥ मूल्यः रु.३/-

हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को पावन अवसरमा हाम्रा समस्त पाठकवर्ग, स्तम्भकार, विज्ञापनदाता, शुभचिन्तकलगायत समस्त नेपालीजनमा सुस्वास्थ्य एवम् दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं

केदारप्रसाद न्यौपाने (प्रकाशक)

माधवप्रसाद न्यौपाने (सम्पादक)

एवम्

हेटौंडा सन्देश दैनिक परिवार

अब हाम्रो भेट २०८३ बैशाख ३ गते हुनेछ ।

*वित्तीय समानीकरण अनुदान*

# बागमतीका कुन स्थानीय तहलाई कति ?

सन्देश संवाददाता

हेटौंडा/राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले आगामी आर्थिक वर्ष २०८२/०८३ का लागि स्थानीय तहलाई ९० अर्ब २० लाख ४६ हजार वित्तीय समानीकरण अनुदान सिफारिस गरेको छ । स्थानीय तहतर्फ समानीकरण अनुदानमा न्यूनतम् ३० अर्ब ८३ करोड, सूत्रमा आधारित ५५ अर्ब ७६ करोड ७७ लाख र कार्यसम्पादनमा आधारित ३ अर्ब ६० करोड ६९ लाख गरी ९० अर्ब २० लाख ४६ हजार सिफारिस गरिएको हो ।

वित्त आयोगको सिफारिसकै आधारमा आगामी बजेटबाट संघीय सरकारले वित्तीय समानीकरण अनुदान उपलब्ध गराउनुपर्ने हुन्छ । आयोगले यो न्यूनतम् आवश्यकता, सूत्रमा आधारित र कार्यसम्पादन मूल्यांकनका आधारमा अनुदान उपलब्ध गराउँछ । जसमा १३ जिल्ला रहेको बागमती प्रदेशका १ सय १९ स्थानीय तहमध्ये सबभन्दा धेरै अनुदान काठमाडौं महानगर पालिकाले ६८ करोड ७० लाख पाउने भएको छ भने सबभन्दा कम नुवाकोटको तारकेश्वर गाउँपालिकाले ७ करोड ३७ लाख पाउने भएको छ ।

*काठमाडौं :*

काठमाडौंको शंखरापुर नगरपालिकाले ९ करोड ९४ लाख, कागेश्वरी मनहरा नगरपालिकाले १८ करोड ४९ लाख, गोकर्णेश्वर नगरपालिकाले २४ करोड ६६ लाख, बुढानीलकण्ठ नगरपालिकाले २६ करोड ३२ लाख, टोखा नगरपालिकाले २३ करोड ८२ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् । तारकेश्वर नगरपालिकाले २१ करोड ७९ लाख, नागार्जुन नगरपालिकाले १९ करोड ४२ लाख, चन्द्रागिरि नगरपालिकाले २२ करोड ५ लाख,



कीर्तिपुर नगरपालिकाले १८ करोड ७५ लाख र दक्षिणकाली नगरपालिकाले ९ करोड ९५ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*भक्तपुर :*

भक्तपुरको चाँगुनारायण नगरपालिकाले १६ करोड ३७ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ भने भक्तपुर नगरपालिकाले १९ करोड ७५ लाख, मध्यपुरठिमी नगरपालिकाले २१ करोड ७ लाख र सूर्यविनायक नगर पालिकाले २० करोड ८९ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*ललितपुर :*

ललितपुरको महालक्ष्मी नगर पालिकाले १८ करोड २५ लाख, ललितपुर महानगरपालिकाले ३८ करोड ५८ लाख, गोदावरी नगरपालिकाले १९ करोड ३० लाख, कोञ्जोसोम गाउँपालिकाले ७ करोड ५७ लाख, महांकाल गाउँपालिकाले ७ करोड ६० लाख र बागमती गाउँपालिकाले ७ करोड ८२ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*काभ्रेपलाञ्चोक :*

काभ्रे जिल्लाको पाँचखाल नगरपालिकाले १२ करोड ६१ लाख, चौंरीदेउराली गाउँपालिकाले ८ करोड ४३ लाख, भुम्लु गाउँपालिकाले ८ करोड १२ लाख, मण्डनदेउपुर गाउँपालिकाले १० करोड ८४ लाख, बनेपा नगरपालिकाले १५ करोड ९२ लाख, धुलिखेल नगरपालिकाले ११ करोड ५८ लाख, तेमाल गाउँपालिकाले ८ करोड ६७ लाख, नमोबुद्ध नगरपालिकाले १० करोड ६५ लाख, पनौती नगरपालिकाले १४ करोड ४७ लाख, बेथानचोक गाउँपालिकाले ८ करोड ४३ लाख, रोशी गाउँपालिकाले १० करोड ४३ लाख, महाभारत गाउँपालिकाले ८ करोड ४८ लाख र खानीखोला गाउँपालिकाले ७ करोड ६६ लाख आगमी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*रामेछाप :*

रामेछापको उमाकुण्ड गाउँपालिकाले १२ करोड ७१ लाख आगामी आर्थिक वर्षका लागि वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ भने गोकुलगंगा गाउँपालिकाले ११ करोड ८९ लाख, लिखुतामाकोशी गाउँपालिकाले १२ करोड ४२ लाख, रामेछाप नगरपालिकाले १४ करोड ७७ लाख, मन्थली नगरपालिकाले १८ करोड ८३ लाख, खाँडादेवी गाउँपालिकाले १३ करोड २१ लाख, दोरम्भा गाउँपालिकाले ११ करोड ८८ लाख, र सुनापति गाउँपालिकाले १० करोड ५६ लाख संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका छन् ।

*सिन्धुली :*

सिन्धुलीको दुधौली नगरपालिकाले १७ करोड १२ लाख, फिक्कल गाउँपालिकाले ८ करोड २७ लाख, तीनपाटन गाउँपालिकाले १२ करोड ३१ लाख, गोलञ्जोर गाउँपालिकाले ८ करोड ७२ लाख, कमलामाई नगरपालिकाले १८ करोड ४२ लाख, सुनकोशी गाउँपालिकाले ९ करोड १८ लाख, घ्याङ्लेख गाउँपालिकाले ७ करोड ५३ लाख, मरिणा गाउँपालिकाले १० करोड ९६ लाख र हरिहरपुरगढी गाउँपालिकाले १० करोड ८७ लाख रुपियाँ आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*मकवानपुर :*

मकवानपुरका १० स्थानीय तहहरुमध्ये हेटौंडा उपमहानगर पालिकाले सबभन्दा धेरै ३० करोड १३ लाख आगामी आर्थिक वर्षका लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएको छ । इन्द्रसरोवर गाउँपालिकाले ७ करोड ३७ लाख, थाहा नगर पालिकाले १२ करोड ४३ लाख, कैलाश गाउँपालिकाले ९ करोड ८९ लाख, राक्सिराङ गाउँपालिकाले १० करोड ३७ लाख, मनहरी गाउँपालिकाले १२ करोड ६१ लाख, भीमफेदी गाउँपालिकाले १० करोड ६२ लाख, मकवानपुरगढी गाउँपालिकाले १० करोड ३ लाख, बकैया गाउँपालिकाले १३ करोड २० लाख र बागमती गाउँपालिकाले ११ करोड ८७ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*चितवन :*

जिल्लाको भरतपुर महानगर पालिकाले ३९ करोड ६५ लाख, राप्ती नगरपालिकाले १६ करोड ६७ लाख, कालिका नगरपालिकाले १४ करोड ३ लाख, इच्छाकामना गाउँपालिकाले १० करोड ३० लाख, रत्ननगर नगरपालिकाले १८ करोड १७ लाख, खैरहनी नगरपालिकाले १५ करोड ७० लाख र माडी नगरपालिकाले १२ करोड ९६ लाख संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले जनाएको छ ।

*दोलखा :*

दोलखाको जिरी नगरपालिकाले ११ करोड ५ लाख, बिगु गाउँपालिकाले १२ करोड ५० लाख, गौरीशंखर गाउँपालिकाले १२ करोड २६ लाख, कालीञ्चोक गाउँपालिकाले १२ करोड ७२ लाख, बैतेश्वर गाउँपालिकाले ११ करोड ३२ लाख, तामाकोशी गाउँपालिकाले ११ करोड ६१ लाख, मेलुङ गाउँपालिकाले ११ करोड ३५ लाख, सैलुङ गाउँपालिकाले ११ करोड ४१ लाख र भीमेश्वर नगरपालिकाले १६ करोड २० लाख संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*रसुवा :*

रसुवाको कालिका गाउँपालिकाले ८ करोड ७६ लाख, नौंकुण्ड गाउँपालिकाले ८ करोड ७२ लाख र उत्तरगया गाउँपालिकाले ८ करोड १४ लाख, आमाछोदिङ्मो गाउँपालिकाले ८ करोड १६ लाख र गोसाईंकुण्ड गाउँपालिकाले ९ करोड ६९ लाख प्राप्त गर्ने भएका छन् ।

*नुवाकोट :*

नुवाकोटका १२ स्थानीय तहमध्ये म्यागङ् गाउँपालिकाले ७ करोड ४८ लाख, बेलकोटगढी गाउँपालिकाले १२ करोड १५ लाख, दुप्चेश्वर गाउँपालिकाले ८ करोड ७५ लाख, तादी गाउँपालिकाले ७ करोड ७६ लाख, सूर्यगढी गाउँपालिकाले ७ करोड ५३ लाख, बिदुर नगरपालिकाले १५ करोड, किस्पाङ गाउँपालिकाले ७ करोड ४८ लाख, तारकेश्वर गाउँपालिकाले ७ करोड ३७ लाख, लिखु गाउँपालिकाले ७ करोड ९२ लाख, पञ्चकन्या गाउँपालिकाले ७ करोड ५४ लाख, शिवपुरी गाउँपालिकाले ८ करोड ८७ र ककनी गाउँपालिकाले ९ करोड ६१ लाख प्राप्त गर्ने भएका छन् ।

*धादिङ :*

धादिङको नेत्रावती डबजोङ गाउँपालिकाले ९ करोड ६३ लाख, सिद्धलेक गाउँपालिकाले १२ करोड ९० लाख, नीलकण्ठ नगरपालिकाले २१ करोड ३९ लाख, गंगाजमुना गाउँपालिकाले ११ करोड ९६ लाख, बेनिघाट रोराङ गाउँपालिकाले १५ करोड २२ लाख, त्रिपुरासुन्दरी गाउँपालिकाले १३ करोड २० लाख, खनियाँबास गाउँपालिकाले ९ करोड १९ लाख, ज्वालामुखी गाउँपालिकाले १२ करोड ९१ लाख, थाक्रे गाउँपालिकाले १५ करोड ३ लाख, गजुरी गाउँपालिकाले १३ करोड ९६ लाख, धुनिबेसी नगर पालिकाले १४ करोड २४ लाख, गल्छी गाउँपालिका १३ करोड ९८ लाख र रुबिभ्याली गाउँपालिकाले ९ करोड ३८ लाख वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने भएका हुन् ।

*सिन्धुपाल्चोक :*

सिन्धुपाल्चोकको मेलम्ची नगरपालिकाले १८ करोड ७ लाख, बाह्रबीसे नगरपालिकाका लागि १३ करोड ९ लाख सिफारिस भएको छ । भोटेकोशी गाउँपालिकाले ११ करोड १७ लाख, जुगल गाउँपालिकाले ११ करोठ ३१ लाख, पाँचपोखरी थाङ्पाल गाउँपालिकाले ११ करोड ५८ लाख, हेलम्बु गाउँपालिकाले ११ करोड ३२ लाख, इन्द्रावती गाउँपालिकाकाका लागि १३ करोड ९८ लाख सिफारिस गरिएको छ ।

चौतारा साँगाचोकगढी नगरपालिकाले १८ करोड ३८ लाख, बलेफी गाउँपालिकाले ११ करोड ३० लाख, त्रिपुरासुन्दरी गाउँपालिकाले ९ करोड, लिसंखुपाखर गाउँपालिकाले ९ करोड ९२ लाख र सुनकोशी गाउँपालिकाले १० करोड ६४ लाख आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि संघीय सरकारबाट वित्तीय समानीकरण अनुदान प्राप्त गर्ने आयोगले सार्वजनिक गरेको छ ।

## गोली हानेर गैंडा मार्नेलाई हुन्छ कारबाही ?



सन्देश संवाददाता

हेटौंडा/चितवन राष्ट्रिय निकुञ्जमा बिहीबार नेपाली सेनाले हानेको गोली लागेर अर्धवयस्क गैंडाको मृत्यु भयो । दिउँसो १२:३० बजेतिर निकुञ्जमा पैदल गस्ती गरिरहेको नेपाली सेनका ४ जना टोलीको जम्काभेट गैंडासँग भयो । निकुञ्ज सुरक्षामा खटिएका नयाँ गोरख गणअन्तर्गत् नवलपुर सेक्टरमा रहेको सेरी सुरक्षापोष्टमा खटिएका नेपाली सेनाको काम जनावरलाई सुरक्षा दिनु नै थियो ।

बच्चासहित भेटिएको अर्धवयस्क पोथी गैंडाले सेनाको टोलीलाई लखेट्न सुरु गऱ्यो । भागेर ज्यान जोगाउने प्रयास गरेका सेनाको टोलीलाई झनै खेद्न थालेपछि उनीहरुले हवाईफायर गरे । गैंडाले बाटो मोडेन । बरु, उनीहरु तिरै आक्रमक भएर लखेटिरह्यो । यत्तिकैमा टोलीमध्येका सेना विकास घर्तीमगरलाई गैंडाले लछारपछार गऱ्यो । सँगै रहेका अन्य तीन जनाले गैंडामाथि हवाईफायर गरे । १२ राउण्ड हवाईफायरपछि २४ वर्ष उमेरको पोथी गैंडा भुइँमा ढल्यो । गैंडाको आक्रमणबाट गम्भीर घाइते भएका विकासलाई प्राथमिक उपचार पश्चात् थप उपचारका लागि काठमाडौं पठाइयो ।

सेनाको गोली लागेर ढलेको विश्वकै दुर्लभ एकसिंगे गैंडाको मृत्यु भयो । प्रतिरक्षाका लागि गैंडा मारेका सेनालाई कारबाही हुन्छ कि हुँदैन, कारबाही भए के कारबाही हुन्छ, पछिल्लो समय आमनागरिकको मनमा यही प्रश्न उठेको छ । ज्यान जोगाउने अन्य विकल्प नभएकाले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २१ मा भएको व्यवस्थाबमोजिम आत्मरक्षाका लागि टोलीले १२ राउन्ड हवाईफायर चलाएको निकुञ्जका सूचना अधिकारी अविनाश थापामगर बताउँछन् । उनका अनुसार आत्मरक्षाका लागि गोली चलाएर जनावर मरेको खण्डमा कारबाही गरिएको रेकर्ड छैन । उनले भने–कुनै पनि जनावरलाई चोरी, शिकार गर्ने अभिप्रायले मारियो भने कानुन लाग्छ । तर, आत्मरक्षाका लागि मार्न पाइने भन्ने राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा २१ मा उल्लेख छ ।

'सर्वसाधारणले आत्मरक्षाका लागि गैंडा मार्न पाउँछन् त,' प्रश्नमा उनले भने–कानुन नै लाग्दैन भन्न खोजिएको होइन । ऐनमा उल्लेख गरिएको छ भन्न खोजेको हुँ । यस विषयमा हामी घटनाका वस्तुस्थितिका विषयमा रिपोर्टिङ गर्छौं । सम्बन्धित निकायबाट के गर्ने भन्ने विषयमा निक्यौंल निक्लिएला । आत्मरक्षाका लागि गोली चलाउँदा गैंडाको मृत्यु भएको यसअघि कुनै रेकर्ड नरहेको चितवन राष्ट्रिय निकुञ्जका सूचना अधिकारी थापामगरले बताए । उनका अनुसार २०८१ माघ २३ गते चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्र कुमरोजमा जंगली हात्ती मकुना पनि नेपाली सेनाको गोली लागेर मरेको थियो ।

वन मन्त्रालयका तत्कालीन सहसचिव डा.बुद्धिसागर पौडेलको नेतृत्वमा बनेको छानबिन समितिले निकुञ्जका कर्मचारीको आत्मरक्षाका लागि नेपाली सेनाले चलाएको गोली लागेर मकुनाको मृत्यु भएको निष्कर्ष निकालेको थियो । उक्त घटनामा दुई राउण्ड हवाईफायर र चार राउण्ड गोली चलाइएको उल्लेख गरिएको थियो । सोअनुसार त्यतिबेला गोली चलाउने सेनालाई पनि कारबाही गरिएन । मकुनापछि सेनाकै गोली लागेर एकसिंगे गैंडाको मृत्यु भएको हो । गोलीबाट मारिएको गैंडाको पोष्टमार्टम गरेर शुक्रबार नै खाल्टो खनेर गाडिएको निकुञ्जका सूचना अधिकारी थापामगरले जानकारी दिए । उनका अनुसार घाइते सेनाको काठमाडौंस्थित वीरेन्द्र अस्पताल छाउनीमा उपचार जारी छ । उनी खतरामुक्त रहेको बताइएको छ ।

# सरकारी विज्ञापन नीतिप्रति कडा असन्तुष्टि



सन्देश संवाददाता

हेटौंडा/नेपाल पत्रकार महासंघले सरकारी विज्ञापन नीतिप्रति कडा असन्तुष्टि जनाएको छ । चैत २८ र २९ गते हेटौंडामा सम्पन्न केन्द्रीय समितिको चौथो पूर्ण बैठकले विशेषगरि प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयबाट जारी गरिएको सरकारी विज्ञापन सरकारी सञ्चारमाध्यममा सीमित गर्ने परिपत्रप्रति गम्भीर आपत्ति जनाएको छ ।

यस्तो नीतिले निजी तथा सामुदायिक मिडियालाई आर्थिकरुपमा कमजोर बनाउने, स्वतन्त्र पत्रकारिता माथि अप्रत्यक्ष दबाब सिर्जना गर्ने र सेल्फ सेन्सरसिप बढाउने ठहर गरिएको छ । महासंघका अनुसार उक्त नीतिले देशभर सञ्चालनमा रहेका सयौं रेडियो, पत्रपत्रिका, टेलिभिजन र अनलाइन मिडियाको अस्तित्व संकटमा पार्दै हजारौं सञ्चारकर्मीको रोजगारी जोखिममा पारेको छ । दुर्गम क्षेत्रसम्म सूचनाप्रवाह कमजोर भइ नागरिकको सूचनाको हकसमेत प्रभावित हुने चेतावनी दिइएको छ ।

त्यसैले उक्त परिपत्र तत्काल खारेज गरी विज्ञापन वितरणलाई पारदर्शी, समानुपातिक र समावेशी बनाउँदै सबै प्रकारका सञ्चार माध्यममा न्यायोचितरुपमा वितरण गर्न महासंघले माग गरेको छ । संघीयताको मर्मविपरीत भएको भन्दै प्रदेश र स्थानीय सरकारलाई पनि उक्त निर्देशन अस्वीकार गर्न आह्वान गरिएको छ ।

सञ्चारगृहहरुले श्रमजीवी पत्रकारलाई नियमित पारिश्रमिक नदिएको, कटौती र दुर्व्यवहारका घटनाप्रति गम्भीर ध्यानाकर्षण गराउँदै बक्यौता तत्काल भुक्तानी गर्न आग्रह गरिएको छ । सबै सञ्चारगृहलाई सामाजिक सुरक्षा कोषमा आबद्ध हुन र श्रमजीवी पत्रकारको न्यूनतम् पारिश्रमिक वृद्धि गर्न पनि माग गरिएको छ ।

१३ बुँदे घोषणापत्र जारी गर्दै बैठकले प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकारको अधिकार र सञ्चारक्षेत्रको दीगोपनमा जोड दिएको छ । महासंघले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रता र पूर्णप्रेस स्वतन्त्रताको रक्षा आफ्नो मूल प्रतिबद्धता रहेको दोहोऱ्याउँदै लोकतन्त्र, स्वतन्त्र न्यायपालिका र जवाफदेही शासन प्रणालीको पक्षमा सधैं उभिने स्पष्ट पारेको छ । पत्रकार महासंघ अध्यक्ष निर्मला शर्माको सभाध्यक्षतामा बसेको बैठकले घोषणापत्रमा जेनजी आन्दोलनपछिको राजनीतिक परिवेशमा सम्पन्न प्रतिनिधिसभा निर्वाचन र बालेन्द्र शाह नेतृत्वको नयाँ सरकारलाई बधाई दिँदै सञ्चारसम्बन्धि नीति तथा कानुन निर्माणमा लोकतान्त्रिक मूल्यमान्यता अनुरुप अघि बढ्न आग्रह गरिएको छ ।

घोषणापत्रमा सञ्चारक्षेत्रको आर्थिक संकट समाधानका लागि विशेष योजना ल्याउन, जलवायु संकट न्यूनीकरणका लागि प्रभावकारी नीति बनाउन तथा मकवानपुरका ऐतिहासिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रको संरक्षणमा जोड दिइएको छ । फास्टट्र्याक निर्माण, हेटौंडा कपडा उद्योग पुनर्सञ्चालनजस्ता विकास आयोजनालाई तीव्रता दिन सरकारसँग आग्रह गरिएको छ ।

# हेटौंडा कपडा उद्योग पीपीपी मोडलमा

सन्देश संवाददाता

हेटौंडा/पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको गठबन्धन सरकारले पछिल्लो समयमा हेटौंडा कपडा उद्योग सञ्चालनमा ल्याउन गृहकार्य सुरु गरेको थियो । उद्योग २०५७ फागुन १ गतेदेखि बन्द छ । मुलुकको सुरक्षामा खटिने सेनामार्फत् सरकारले उक्त उद्योग सञ्चालनमा ल्याउन गृहकार्य सुरु गरिरहँदा कपडा तयार गर्न अति आवश्यक पर्ने मुख्य कच्चापदार्थ कपासलाई भने नजर अन्दाज गरे ।

मुलुकको सुरक्षाका लागि खडा गरिएको सैनिक संयन्त्रमार्फत् कपडा उद्योग सञ्चालन गर्नु आफैंमा चुनौतिपूर्ण छ । सेनाले मुलुकको सुरक्षा व्यवस्थालाई सुदृढ बनाउने हो । उद्योग सञ्चालन गरी वस्तु उत्पादन गर्न लगाउनु बेमेल विषय भए पनि हेटौंडा कपडा उद्योगलाई पुनर्जीवन दिएर सञ्चालनमा ल्याउनु भनेको सरकारको लागि त्यही सहज भने देखिएको छैन ।

कपडा उत्पादन गर्न धागो चाहिन्छ । धागो तयार गर्न प्रमुख कच्चापदार्थ कपास चाहिन्छ । कपासबिना कपडा उत्पादन गर्न सकिँदैन । तर, यही कपासको मुहानलाई सुकाएर सरकारले सेनामार्फत् कपडा उत्पादन गर्नु र धागो उत्पादन गर्नु भनेको फलामको च्युरा चपाएजस्तै हुने विज्ञहरुले औंल्याए । अर्थविद् केशब आचार्यले बाहिरबाट हेर्दा थला परेको उद्योग सञ्चालनमा ल्याउनु सकारात्मक भए पनि आयातित कच्चापदार्थको भरमा सेनामार्फत् पुनर्सञ्चालनमा ल्याउनु सरकारको ठूलो चुक हुने जानकारी दिए ।

'आर्थिक क्रियाकलाप र औद्योगिक उत्पादनमा सेनालाई लगाउँदा बाहिर राम्रो सन्देश जाँदैन । सैनिकको मूल क्षमता पनि विस्तारै घट्दै जाने जोखिम हुन्छ,' सेनाले राष्ट्रिय सुरक्षा हेर्नुपर्ने बताउँदै उनले भने–औद्योगिक क्षेत्रमा कहिले अनुभव नभएको सेनाले सैनिक कल्याण कोषमा जम्मा भएको रकम परिचालन गरी कपडा उत्पादन गर्नु भनेको ठूलो जोखिम मोल्नु हो । यस विषयमा सयौं पटक गम्भीररुपमा सोचेरमात्र सेना अघि बढ्नुपर्छ जस्तो मलाई लाग्छ ।

'बेलायतले दिएको कपासको वीउ प्रयोग गरी तत्कालीन समयमा बाँकेमा कपास विकास समितिले कपासको खेती सुरु गरेको थियो,' उनले भने–गुणस्तरको हिसाबले हाम्रो कपास सबभन्दा उत्कृष्ट थियो । हाल पनि भारत, चीनसहित अन्य मुलुकको तुलनामा हाम्रो कपास उत्कृष्ट छ । तर, पछिल्लो समयमा राजनीतिक दलका नेताहरुले कपास विकास समितिका जग्गाहरु राजनीतिक पहुँचका आधारमा बाँडेर समितिको अस्तित्व नै समाप्त गरे ।

कपास विकास समितिको



जग्गा हाल पनि राजनीतिक पहुँचको आधारमा भागबण्डा लगाएर अतिक्रमणमात्र होइन, दर्जनौं बिगाहा विभिन्न समूहले कब्जा गरेपनि सरकारले उक्त जग्गाफिर्ता ल्याउन चासो देखाएको छैन । सेनाले हेटौंडा कपडा उद्योग सञ्चालनको विषयमा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डसँग छलफल गरेको थियो ।

हेटौंडा कपडा उद्योगको स्वामित्वमा १ सय ६६ रोपनी जग्गा छ । उद्योग सञ्चालन गर्न आवश्यक पर्ने भौतिक पूर्वाधार तत्काल उपलब्ध रहेको, कच्चापदार्थसमेत स्वदेशमै उपलब्ध रहेको दाबी गर्दै सेनाले उक्त उद्योग सञ्चालनमा ल्याउन खोजेको हो । सेनाले स्कुल, कलेज, सेनालगायतको पोशाक तयार गर्न उक्त कपडा उद्योग सञ्चालन गर्ने भनेर इच्छा देखाएको छ । सेनाले उद्योग सञ्चालन गर्न ३ वर्षे कार्ययोजना समेत बनाएको बताइएको छ । सेनाले ३ वर्षमा २६ लाख मिटर कपडा उत्पादन गर्न सकिने निष्कर्ष निकालेको छ ।

उद्योग सञ्चालनमा आएको ९ वर्षपछि लागत प्रतिस्थापन गरी उद्योग नाफामा जाने सैनिक मुख्यालयले निष्कर्ष निकालेको छ । सेनाले १ अर्ब ९३ करोड सुरुवाती लगानी र वार्षिक ७८ करोड सञ्चालन खर्च आफैं जुटाएर उद्योग सञ्चालन गर्न सेनाले इच्छा देखाएको हो । नेपाली सेनाको पछिल्लो सार्वजनिक विवरणअनुसार विभिन्न कोषमा ७५ अर्ब बढी नगद मौज्दात छ ।

बालेन्द्र शाहको नेतृत्वमा दुईतिहाइको सरकार गठनसँगै बन्द भएका सरकारी स्वामित्वका उद्योगहरु पुनर्सञ्चालनमा ल्याउनुपर्ने माग अघि बढेको छ । सिंगो राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) विगतमा बन्द भएका सरकारी उद्योगहरु सञ्चालन हुनुपर्ने चासो देखाउँदै आएको अवस्थामा रास्वपाका वरिष्ठ नेता बालेन स्वयम्ले पनि सरकारी उद्योग कलकारखाना पुनर्सञ्चालन हुनुपर्छ भन्ने सन्देश विभिन्न चुनावीसभा मार्फत् दिएका थिए ।

फागुन १५ गते चितवनमा आयोजित चुनावीसभालाई सम्बोधन गर्दै शाहले बन्द रहेका उद्योग कलकारखाना जुनसुकै हालतमा सञ्चालन हुनुपर्ने बताएका थिए । 'हाम्रो देश हेटौंडा सिमेन्ट कारखाना जस्तै भएको छ, त्यहाँ मेसिन पनि छ, जनशक्ति (म्यानपावर) पनि छ, खानी पनि छ, तर बन्द छ,' चुनावीसभालाई सम्बोधन गर्दै उनले भनेका थिए– अब चल्नुपऱ्यो । नेपाल वाइवाइ फ्याक्ट्री जस्तै अब त्यो पनि चल्नुपऱ्यो, पूरै देशभरि चल्नुपऱ्यो, सयभन्दा बढी देशमा जानुपऱ्यो । चुनावी अभियानका क्रममा बालेनले व्यक्त गरेका सम्बोधनलाई कार्यान्वयनमा ल्याउन दुईतिहाइ नजिकको सरकार आवश्यक गृहकार्यमा जुटेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका एक उच्च अधिकारीका अनुसार लामो समयदेखि बन्द रहेका सरकारी स्वामित्वको उद्योग सञ्चालनमा ल्याउन सकिन्छ कि भनेर आवश्यक प्रक्रिया सुरु गरिएको छ ।

यही विषयमा सोमबार विहान ११ बजेदेखि विभिन्न क्षेत्रका विज्ञहरुसँग मन्त्रालयका अधिकारीहरु छलफलमा जुटेका छन् । बालेन सरकारले उद्योगलाई सार्वजनिक–निजी साझेदारी (पीपीपी) मोडलअनुसार पुनर्सञ्चालन गर्न सकिन्छ भन्ने विषयमा छलफललाई तीव्रता दिएको हो । यसका लागि अर्थ मन्त्रालयले पनि पहिलो चरणमा विस्तृत लेखापरीक्षण र मूल्यांकन गर्ने कार्य सुरु गरेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका उच्च अधिकारीले जानकारी दिएका छन् ।

केही वर्षयता वर्षेनी सार्वजनिक हुने नीति तथा कार्यक्रमका साथै बजेट वक्तव्यमा समेत उद्योग पुनर्सञ्चालनमा ल्याउने भनेर घोषणा हुँदै नआएको होइन, तर छाति फुकाएर आवश्यक मोडालिटी तय गर्ने र लगानी गर्ने विषयमा कुनै पनि सरकारले मार्गप्रशस्त गरेको अवस्था सिर्जना भएको छैन । सरकारी लगानीअन्तर्गत् हाल बन्द भएका र रुग्ण अवस्थामा रहेका उद्योग हेटौंडा कपडा उद्योग पुनर्सञ्चालनमा ल्याउन सकिने अर्थविद्को भनाइ छ ।

**उखान:** आमाको माया आँखाको डिलमा।

**बेलाको बोली**

प्रकारका व्यक्ति सधैं दुःखी हुन्छन्, इर्ष्या गर्ने, घृणा गर्ने, असन्तोषी, क्रोधी, शंकालु र अर्कामा निर्भर गर्ने ।
-विदुर नीति

## सम्पादकीय

# उथलपुथलको वर्ष २०८२

*आनदेखि नयाँ वर्ष २०८३ शुरू हुँदैछ । पुरानो वर्षको अन्तिम दिन केवल क्यालेन्डर परिवर्तनको संकेत मात्र होइन, वर्षभरिका उपलब्धि, असफलता र प्रवृत्तिको समीक्षा गर्ने अवसर पनि हो । समीक्षात्मक दृष्टिले हेर्दा वि.सं २०८२ नेपालका लागि दशकयताकै सबैभन्दा उथलपुथलपूर्ण राजनीतिक वर्ष बन्यो । सात दशक लामो संघर्षपछि २०७२ सालमा जारी संविधानले संरचनागत स्थायित्व र विकासको आधार तयार गरे पनि त्यसको कार्यान्वयनसँगै जनताको जीवनस्तरमा अपेक्षित परिवर्तन नआउनु, राजनीतिक नेतृत्वको प्राथमिकता सत्ता समीकरणमै सीमित हुनु र नीति कार्यान्वयन कमजोर रहनुका कारण जनतामा असन्तुष्टि चुलिँदै गयो ।*

*सामाजिक दृष्टिले २०८२ नयाँ पुस्ताको आक्रोश, अपेक्षा र असन्तुष्टिको वर्ष रहेको त जेनजी विद्रोह र निर्वाचन नतिजाले देखाई सक्यो । शिक्षा र रोजगारीका लागि युवाको निरन्तर विदेशिने प्रवृत्तिले गाउँबस्ती खाली हुँदै गएका छन् भने देशभित्र दक्ष जनशक्तिको अभाव गहिरिँदै गएको छ । सामाजिक सञ्जाल र सूचना प्रविधिको विस्तारले चेतना बढाए पनि त्यसको दुरूपयोगले सामाजिक अराजकता, विभाजन र द्वन्द्वलाई पनि बढावा दिएको छ । हत्या, आत्महत्या, महिला हिंसा, जातीय विभेदजस्ता सामाजिक समस्या निरन्तर चुनौतीका रुपमा देखिए ।*

*अब आगामी वर्ष २०८३ नेपालका लागि आशा र विश्वासको थालनीको वर्ष हुने कि नहुने ? यो गम्भीर प्रश्न किन पनि हो भने अब नयाँ आशा र विश्वासमार्फत् जनताको असन्तुष्टि कम गर्न सकिएन भने त्यसपछि नेपाली समाजमा आउने आक्रोश सम्हालिनसक्नुकै हुनेछ । राजनीतिकरूपमा सुशासन, स्थायित्व र संस्थागत सुधारलाई केन्द्रमा राखेर सरकार अघि बढ्नुपर्नेछ । अर्थतन्त्रमा उत्पादन वृद्धि, औद्योगिकी-करण, कृषि आधुनिकीकरण र लगानीमैत्री वातावरण निर्माण प्राथमिकता हुनुपर्नेछ । सामाजिकरुपमा युवा शक्तिलाई देशमै अवसर दिने वाताव-रण, गुणस्तरीय शिक्षा र डिजिटल प्रविधिको जिम्मेवार उपयोगलाई संस्थागत गर्नुपर्ने चुनौती छ । यी सबै कार्य सफल हुन सके भने मात्रै २०८२ को उथलपुथललाई २०८३ ले स्थायित्व र आशाको दिशामा रुपान्तरण गर्न सक्नेछ । आशा गरौं, सरकारसहित सबै पक्षको ध्यान यसतर्फ केन्द्रित हुनेछ नै छ ।*

**मकवानपुरमा आज**

१: जानकारीमा नआएको

## तपाईंको आज

**मेष** — परिस्थिति अनुकूल रहे पनि भौतिक सुख सुविधाले खर्च निम्त्याउन सक्दछ । विवादले रमाइलो क्षणमा पनि मन खिन्नता बढाउनेछ ।

**बृष** — सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ । बोलीको भरमा चिताएको काम सम्पादन हुनेछ । आफ्नो क्षेत्रमै प्रभाव जमाउन सकिनेछ ।

**मिथुन** — आफ्ना सहयोगीहरूको साथले काममा उत्साह जगाउनेछ । विशिष्ट व्यक्तिहरूसँग भेटघाट हुनेछ भने आकर्षक उपहार प्राप्त हुन सक्छ ।

**कर्कट** — तारिफयोग्य काम सम्पादन हुनाले प्रशंसकहरू बढ्नेछन् । ज्ञान, कला र व्यक्तित्व निखार्ने समय छ । आकर्षक उपहारले उत्साह जगाउनेछ ।

**सिंह** — तारिफयोग्य काम गर्दै धेरैको उपकार गर्न सकिनेछ । दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय छ । अध्ययन तथा नयाँ ज्ञानको खोजीमा समय बित्नेछ ।

**कन्या** — पछिका लागि खर्चको जोहो गर्नुपर्ला । अवसरको खोजीमा आफन्त र परिवारबाट टाढिनुपर्ने हुन सक्छ । छरछिमेकमा असमझदारी बढ्नेछ ।

**तुला** — गुरुजनको सहयोगले बौद्धिक प्रतिस्पर्धामा अग्रस्थान लिन सफल भइनेछ । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**बृश्चिक** — सामाजिक कामले नाम, दाम र इनाम दिलाउनेछ । आध्यात्मिक चेतनाले धर्मकर्म र सेवामा प्रवृत्त गराउनेछ कामको यश लिने सौभाग्य प्राप्त हुनेछ ।

**धनु** — छोटो समयमा उपलब्धि हात पार्ने अवसर प्राप्त हुनेछ । विभिन्न भौतिक साधन संग्रह गर्ने मौका छ । प्रति द्वन्द्वीहरूलाई पछि पार्न सकिनेछ ।

**मकर** — साथीभाइको सहयोगले हिम्मत दिलाउनेछ । अरूलाई प्रभावित पारेर काम बनाउने समय छ मेहनतले नाम, दाम र इनाम दिलाउन सक्छ ।

**कुम्भ** — बेलैमा योजना बनाएर काम थाल्दा राम्रो फाइदा हुने योग छ । प्रतिस्पर्धीहरूले हार खानेछन् भने काममा मिहिनेतको फल प्राप्त हुनेछ

**मिन** — सामाजिक उत्तरदायित्व वहन गर्दै फाइदा हुने काम र जिम्मेवारी हात पार्ने मौका देखिएको छ । तारिफयोग्य कामले धेरैको मन जित्न सकिनेछ ।

**हाम्रो सम्पर्क ठेगाना**
हेटौंडा-२, मानसचोक,
फोन: ०५७-५२२२३७, ०५७-५२४२३६
सम्पादक: ९८५५०६७२३६, समाचार शाखा : ९८४५०२१८०३
बिज्ञापन शाखा : ९८६७४९१३३६
Email: htd.sandesh@gmail.com
Web: ehetaudasandesh.com

# नयाँ वर्ष २०८३ को मंगलमय शुभकामना



✍ **चेतप्रसाद पौडेल**
(सैपुले साहिंलो)




वि.सं. २०७९ सालको नयाँ वर्षले स्थानीय तहको निर्वाचन सम्पन गऱ्यो । त्योसाल त्योवर्षको ३१ गते स्थानीय तहका पदाधिकारीहरुको भाग्य निर्माण गरेको दिनको सम्झना आइरहन्छ । वि.सं.२०७८ साललाई विदाइ र २०७९ साललाई बधाइ ज्ञापन गर्नु गराउनु स्वभाविक पनि थियो । स्थानीय तहले भुइँमा रहनु भएको तमाम नाग-रिकका निमित्त आधारस्तम्भ मान्न सकिन्छ, तमाम भुइँ मानिसको गाँस, वास, कपास, शिक्षा, स्वास्थ्य र रोजगार यी सबै मौलिक हकहरु हुन् । मौलिक हकको पूर्णता दिन स्थानीय निकाय स्थानीय सर-कारको प्रमुख दायित्व मानिन्छ । चुनाव भएको मितिले ५ वर्ष गणना गर्दा २०८४ बैशाख ३० गते पूर्णावधिहुने देखिन्छ । अहिले पनि नेपाल राष्ट्रका ७ सय ५३ निकाय/पालिकाहरुमा पद रिक्त नै रहेको पाइन्छ । नगर प्रमुखलगायतका १३ पद रिक्त ठाउँमा उपनिर्वाचन गरेर पूर्णता दिनुपर्ने देखिन्छ ।

रिक्त पदमा हाल सरकार प्रमुखको बागडोर सम्हाल्नु भएका प्रधानमन्त्री काठमाण्डौं महानगर पालिकाका मेयर बालेन शाह राजिनामा दिएर झापा जिल्लाको क्षेत्र नं. ५ बाट विजयी हुनुभयो । उहाँको मेयर पद रिक्त छ । त्यस्तै रुपन्देहीको सांस्कृतिक नगरपालिकाको नगर प्रमुखको पद रिक्त छ । सप्तरीको अग्निसार गाउँपालिकामा अध्यक्ष पद रिक्त छ । त्यस्तै इलामको सुर्योदय नगरपालिकामा नगर प्रमुख पद रिक्त छ । ओखलढुंगा जिल्लाको लिखु गाउँपालिकामा उपाध्यक्ष पद रिक्त छ ।

मोरङ जिल्जाको रंगेलीमा नगर प्रमुख पद रिक्त छ । सुनसरीको धरान उपमहानगरपालिकामा मेयर पद रिक्त छ । सोलुखुम्बु जिल्लाको दुधकोशी गाउँपालिकामा अध्यक्ष पद रिक्त छ । काभ्रेको धुलीखेलमा नगर प्रमुख रिक्त छ । स्याङ्जाको कालीगण्डकी गाउंपालिकामा अध्यक्ष पद रिक्त छ । नेपालगञ्ज उपमहानगरपालिकामा उपप्रमुख पद रिक्त छ । कैलाली जिल्लाको टीकापुर नगर पालिकामा नगर प्रमुख पद रिक्त छ । चितवन जिल्लाको भरतपुर महानगरपालिकामा नगर प्रमुख पद रिक्त छ ।

प्रदेश सभामा १७ सिट रिक्त छन् । जस अनुसार कोशी प्रदेशमा १ सिट, मधेश प्रदेशमा ४ सिट, बागमती प्रदेशमा ६ सिट, लुम्बिनी प्रदेशमा ५ सिट खाली छ । मनाङ जिल्लाको हकमा सर्वोच्च अदालतले प्रदेश सांसद (राजीव गुरुङ) (दीपक मनाङे) फौजदरी कसुर ठहर गरेर उहाँको प्रदेश सभाको सदस्य पद खारेज गरेको थियो भनिन्छ । प्रदेश सभामा निर्वाचित सदस्यहरुको पदावधि ५ वर्ष कार्यकाल वि.सं.२०८४ मंसिरमा सम्पन्न हुँदैछ । २० महिना अवधि अझै बाँकी छ ।

संविधानको धारा १७६ (८) ले भन्दछ निर्वाचित भएर पदावधि सकिन छ महिनाभन्दा बढी समय बाँकी रहेमा पहिले निर्वाचन जसरी भएको छ त्यही प्रकृतिले निर्वाचन गर्नु/गराउनु पर्दछ । निर्वाचन ऐनको दफ ६८ मा पनि प्रदेश सभा सदस्यहरुको पद रिक्त भएमा उपनिर्वाचनद्वारा रिक्त स्थानको पूर्ति गर्न सकिने प्रावधान छ ।

वि.सं. २०७९ हुंदै २०८२ सुसम्पन्न भएर २०८३ नेपाल राष्ट्रको घर आँगनीमा नयाँ अनुहार नयाँ मुस्कान बोकेर टुप्लुक्क आइपुगेको छ । राष्ट्रमा सुख, शान्ति र समृद्धिसहित नेपालीका दु:खमा हातेमालो गर्न सफल बनोस् भुइँका मानिसका अपेक्षा सहित शुभकामाना दिदैं आएको आभाष मिल्दछ । २०८२ भाद्र २३-२४ गते जेनजि पुस्ताले चालेको अभियानमा ७६ जनाले देहउत्सर्ग गर्नुभयो । मौजुदा सरकार ढल्न गएर भाद्र २७ गते बनेको सुशीला कार्कीको अध्यक्षतामा बनेको सरकारले २०८२ फाल्गुण २१ गतेको निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टीले १८२ सिटमा विजय हाँसिल गरेर झण्डै दूई तिहाइ सिट ल्याएर एकमना सरकार गठन गरेको छ । यो सरकार विधानत् ५ वर्ष टिकोस् । नेपाल विश्वमा सुन्दर राष्ट्रकारुपमा पहिचान दिन सकोस् । समस्त नेपालीको चाहाना छ । सगरमाथाको देश नेपाल, बुद्धको जन्मथलो नेपाल, अपार जलसम्पदाको देश नेपाल भनेर चिनारी गरौ र गराऔं । यसैमा गर्विलो ओज र चिनारी छ ।

जसरी माथुरले मलेशिया चिनाए, जसरी लिक्वानले ३० वर्षको अवधिमा सिंगापुर चिनाए । माइण्ड/मनि र मसल्स देखाएर चुनाव जित्ने कार्यमा नेपाल राष्ट्रका सारथि लाग्नुहुन्छ । चुनाव जितेपछि चुनावमा लगानी गरेको नगद असुलउपर गर्नमा तल्लिन देखिने प्रचलन छ । यो नीतिगत र संस्थागतरूपमै विकसित भएर मौलाएको पाइन्छ । चुनाव जितेपछिको पहिलो काम योजना तर्जुमा गर्ने र विकास निकास दिएर राष्ट्रको श्रीवृद्धि गर्ने कार्यतर्फ लाग्नु र लगाउनुको सट्टा कहाँबाट घुसखान पाइन्छ, कहाँबाट मोटो कमिशन पाइन्छ भनेर भौतारिहेका हुन्छन् जनप्रतिनिधिहरु ।

कहाँ भ्रष्टाचार गर्न पाइन्छ यसतर्फ नै सारथि नेताको ध्यान केन्द्रित हुने गर्दछ । यी कार्यबाट जनता आजित र निराशावादी देखिए । रुट टु टप होइन, टप टु रुट भएर गतिले मौलाउने अबसर पाएको छ । अमेरिकाका १६ औ राष्ट्रपति अब्राहम लिंकन भन्नुहुन्छ: ३ प्रकारले जनताका सेवामा लाग्न सकिन्छ (१) अफ दी पिपुल, (२) बाइ दि पिपुल, (३) फर दि पिपुल । जनताका छोराले जनताको जनताद्वारा जनताका निमित्त गरिने शासनले महत्व राख्दछ । संघ, प्रदेश र स्थानीय निकाय सबै तहमा संविधान र कानून नियमले तर्जुमा गरेका पदमा निर्वाचन गरेर पदीय दायित्व बहन गर्नलाई तत्पर रहनु आजको प्रमुख कर्तव्य मानिन्छ । असल शासन बनुन् जसलाई सुशासन भनेर भुइँका तमाम मानिसले बुझ्ने गरी प्रयोगमा आयो भने चुनाव र सरकारको वास्तविक भूमिका झल्किन्छ । पारदर्शी भएर टल्किन्छ । जेनजि पुस्ताले २०८२ भाद्र २३ गते यिनै २ कुरालाई आधार बनाई आन्दोलन आरम्भ गरेका थिए । उनीहरुको पहिलो माग सामाजिक सञ्जालमाथिको प्रतिबन्ध फुकुवा, र दोश्रो व्यापक रूपमा मौलाएको करप्सन (घुस, कमिशन र भ्रष्टाचार)को अन्त्य होस् ।

भाद्र २३ गते १९ जनाले शाहादत प्राप्त गर्नुभयो । सरकारले घटनाप्रस्चात वार्ताको पबवन्ध भएको भए २४ गतेका दिन थप ५७ जनाले बलिदान गर्नुपर्ने थिएन । वार्ताको प्रयास नगर्नु सरकारको कमजोरी थियो । सरकार त्यो महत्वपूर्ण कार्यमा चुकेकै हो । तमाम भुइँका मानिसको बहसको विषय पनि छ । यीसबै विषय अहिलेको सरकारलाई शवक बनेको छ । शासकीय प्रणाली चुस्त दुरुस्त के कति भए हुन्छ भनेर संविधान ऐन कानून बनाई कडारुपमा प्रयोग गर्दाका अवस्था पहिलेका सरकारले तर्जुमा गरेका संघीय ढाँचा प्रणाली ७ प्रदेश, जिल्ला समन्वय, राष्ट्रिय सभा वडामा सदस्य संख्या घटाउने र ७७ जिल्लामा १/१ जना सांसद भएपुग्छ अथवा पुग्दैन सोको ठोस निर्णय कानूनमै व्यवस्था होस् । जसरी जेष्ठ १५ गते गणतन्त्र दिवसकै दिनमा राष्ट्रका निमित वार्षिक बजेट घोषणा गरिन्छ ।

यसरी नै प्रत्यक्ष बजेट तर्जुमा कार्यक्रम नयाँ वर्षको आरम्भ बैशाख १ गतेलाई मानिन्छ यसैदिन राष्ट्रिय बजेट प्रस्तुत गरे सुनमा सुगन्ध थपिने थियो । तुरुन्तै विकास कार्य पनि ३ गते देखि थालनी हुने थियो । शासकीय रुपमा प्रधान-मन्त्रीको चुनाव प्रबन्ध र सांसदको कामको निर्धा-रण गर्ने । प्रतिनिधि सभामा साँसदहरुले ऐन कानून नियम संविधान तर्जुमा गरिने मात्र काम होउन । मन्त्री बन्नका लागि विषय विज्ञ बाहिर बाट छानेर लगियोस् । नेपाल राष्ट्रमा चुनावले २०४८-२०८२ फाल्गुणसम्म भएको प्रतिनिधि सभा सम्मको खर्चले राष्ट्रको ठूलो धनराशी बर्बाद भएको छ । अबको एउटै चुनावले राष्ट्रको भविष्य उज्यालो बनोस्, नयाँवर्ष २०८३ को सबैमा हार्दिक मंगलमय शुभकामना ।

: समाप्त :

# अस्पताल र प्रतिष्ठान छुट्टाछुट्टै हुनुपर्छ



✍ **राकेश कुमार शर्मा**



मकवानपुर जिल्लाको एकमात्र सुबिधा सम्पन्न अस्पताल हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानको सञ्चालन प्रक्रिया छुट्टाछुट्टै हुनुपर्छ भन्ने माग धेरै पहिलादेखि नै राख्दै आएका छन् मकवानपुरे जनताले । तर, यस बिषयमा कुनै पनि दलले यो मागलाई एउटा कानले सुनेर अर्को कानले उडाईदिने गरिएको छ ।

मकवानपुरको हेटौंडा उपमहानगरपालिका वडा नम्बर १ मा अवस्थित हेटौंडा अस्पताल बिगतदेखि नै अपेक्षितरुतरको गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न असफल हुँदै आएको यथार्थ सर्वविदितै छ । नागरिकले सहज, सुलभ र भर पर्दो स्वास्थ्य सेवा पाउनुपर्ने आधारभूत अधिकार हुँदाहुँदै पनि सो अस्पतालले दीर्घकालदेखि उक्त जिम्मेवारी प्रभावकारीरूपमा निर्वाह गर्न सकेको देखिदैन ।

बर्तमान अवस्थामा मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानसंग हेटौंडा अस्पताललाई गाभिएको भएता पनि, सेवाको गुणस्तरमा भने कुनै ठोस र देखिने खालको सुधार हुन सकेको छैन । बरु, व्यवस्थापन र सञ्चालनको पक्षमा समन्वयको अभाव देखिएको छ । अस्पताल र प्रतिष्ठानका कर्मचारीबीच समय-समयमा देखिने विवाद, असमझदारी तथा आन्तरिक खट्पटका कारण सेवाग्राहीलाई प्रत्यक्ष असर पुऱ्याइरहेको देखिन्छ । यस्तो अवस्था रहिरहेमा प्रतिष्ठानअन्तर्गत रहेको हेटौंडा अस्पतालको स्वास्थ्य सेवा झनै कमजोर हुने निश्चित देखिन्छ ।

हेटौंडा अस्पताल र मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान छुट्टाछुट्टैरूपमा सञ्चालन गरिएमा दुवै संस्थाबीच स्वस्थ प्रतिस्पर्धा सिर्जना हुने थियो । प्रतिस्पर्धाले सेवाको सुधार, जिम्मेवारी बोध तथा कार्यसम्पादनमा प्रभावकारिता ल्याउने निश्चित छ । यसबाट मकवानपुरवासीले गुणस्तरीय, छिटोछरितो र विश्वासिलो स्वास्थ्य सेवा प्राप्त गर्न सक्ने थिए । त्यसैले यि दुवै संस्थालाई अलग-अलग सञ्चालन गर्नु आजको आवश्यकता मात्र नभई अपरिहार्यता समेत बनेको छ ।

प्रतिष्ठानअन्तर्गत सञ्चालन भइरहेको हेटौंडा अस्पतालमा थुप्रै कमी-कमजोरीहरू विद्यमान छन् । उपकरण व्यवस्थापन, औषधि उपलब्धता, सेवा प्रवाह, जनशक्ति व्यवस्थापन लगायतका क्षेत्रमा सुधार गर्नुपर्ने धेरै विषयहरू भएता पनि सम्बन्धित व्यवस्थापन पक्षबाट अपेक्षित सुधारको पहल हुन सकेको देखिदैन । यस्तो अवस्थामा हालको व्यवस्थापन समिति प्रभावकारी देखिंदैन र त्यसको पुनगर्ठन वा परिवर्तन हुन तत्काल आवश्यक देखिन्छ ।

यसैगरी, मकवानपुर जिल्लाका अधिकांश नागरिक सामान्यदेखि जटिल स्वास्थ्य उपचारका लागि दैनिकरूपमा चितवनको भरतपुर जान बाध्य भएका छन् । यसले समय, खर्च र मानसिक पीडा सबैमा वृद्धि गरेको छ । स्थानीय तहमै गुणस्त-रीय सेवा उपलब्ध हुनुपर्नेमा नागरिकलाई अन्यत्र धाउनुपर्ने अवस्था अत्यन्तै दु:खद र चिन्ताजनक विषय हो । यस बिषयमा यहाका दलहरुले 'चु'सम्म बोलेको नपाउदा स्थानीयहरु आक्रोशित बनेका छन्

अर्कोतर्फ, अस्पतालको फार्मेसीबाट स्वास्थ्य बिमाअन्तर्गत प्राप्त हुनुपर्ने नि:शुल्क औषधिसमेत नियमितरूपमा उपलब्ध नहुनु गम्भीर समस्या हो । यसले गरीब तथा विपन्नवर्गका बिरामीहरूलाई थप मारमा पारेको छ । यस विषयमा सम्बन्धित सरोकारवाला निकायले तत्काल ध्यान दिई आवश्यक सुधारात्मक कदम चाल्न अत्यन्त आवश्यक देखिन्छ ।

हेटौंडा अस्पतालको सेवा सुबिधामा लाप-रवाही गरेको भन्दै स्थानीय युवाहरुले बेलाबेलामा खवरदारी गर्ने काम गर्दै आएका छन् । अस्पतालको सेवा लिने क्रममा सेवाग्राहीले धेरै सास्ती भोग्नुपरेको गुनासो आएपछि हेटौंडाका युवाहरुले अस्पताल परिसरमा निकै पटक धर्ना दिएर खबर दारी गर्दै आएका छन् । यो क्रम अहिलेसम्म चलिरहेको छ । स्वतन्त्र युवा समूह नामक युवाहरुको सञ्जालले समय समयमा यस्ता खवरदारी र प्रभावकारी सेवाको लागि आवाज उठाउदै आएका छन् ।

यद्यपी मकवानपुर जिल्लाकै अग्रज ब्यक्तित्व डोरमणि पौडेल बागमती प्रदेशको मुख्यमन्त्रि भएको समयमा हेटौंडा अस्पतालको बिकासका लागि धेरै कामहरु भए । यस कार्यको लागि उहालाई सम्झनै पर्ने हुन्छ । बिशेष गरेर भौतिक संरचना निर्माणमा पुर्वमुख्यमन्त्रि पौडेलको ठूलो योगदान देखिन्छ । तर, अस्पताल जस्तो क्षेत्रमा भौतिक संरचनाले मात्र नपुग्ने भएकोले सामान्य भवन नै भएता पनि अन्याधुनिक मेशिन उपकरणको पहिलो आवश्यकता हुनेछ । हेटौंडा अस्पतालमा दाताले दिएको डायलासिस मेशिनसमेत बेलाबेलामा बिग्रने (साच्चै बिग्रेको हो कि कर्मचा-रीले जानाजान बिगारेको हो) कार्यले स्थानीयबासीले सास्ती खेप्नु परेको अवस्थामा छ । त्यसैले हरेक अस्पतालमा भौतिक संरचनाभन्दा पनि कर्मचारीको ब्यवहार पहिलो र स्वास्थ्य उपकरण दोश्रो प्रमुख बिषय हुनुपर्दछ ।

दाताले दिएको मेशिन उपकरण पनि समयमा सञ्चालन नगरेर दु:ख दिने मनसाय राख्ने कर्मचा-रीलाई कारवाही नै गर्नुपर्छ । तर, हेटौंडा अस्पतामा कुनै एउटा दलले मेरै बाउको बिर्ता जसरी कब्जा गरेकोले उनीहरुले चाहेमा मात्र काम हुने परि पाटीको अन्त्य गर्न पनि हेटौंडा अस्पताल र प्रतिष्ठानलाई अलग गर्नैं पर्ने भएको छ । प्रतिष्ठानमा त कुनै दलको सम्पर्क कार्यालय भन्दा पनि फरक पर्दैन, त्यहा काम गर्ने सामान्य कर्मचारी पनि दलको कार्यकर्ता हुनै पर्ने अनिवार्य शर्तमा काम भईरहेको हेटौंडाबासीलाई राम्ररी थाहा छ ।

त्यसैले अहिलेको वास्तविक जनताको सर कारले हेटौंडा अस्पताललाई प्रतिष्ठानबाट अलगगै राखेर पुराना धमिरा कर्मचारीहरुलाई बिदा दिएर नव युवाहरुलाई नियुक्ति गर्दै अस्पताल भित्रका पुराना फोहरहरु बढारेर निस्पक्षढंगबाट काम गर्नुपर्ने भएको छ, यसको लागि स्वास्थ्य मन्त्रालयले बिशेष पहल गरोस् भन्न चाहान्छु ।

यसैगरी, मकवानपुर जिल्लाका अधिकांश नागरिकहरू सामान्यदेखि जटिल स्वास्थ्य उपचार का लागि दैनिक रूपमा चितवन जान बाध्य भएका छन् । यसले समय, खर्च र मानसिक पीडा सबैमा वृद्धि गरेको छ । स्थानीय तहमै गुणस्तरीय सेवा उपलब्ध हुनुपर्नेमा नागरिकलाई अन्यत्र धाउनुपर्ने अवस्था अत्यन्तै दु:खद र चिन्ताजनक विषय हो ।

अर्कोतर्फ, अस्पतालको फार्मेसीबाट स्वास्थ्य बिमाअन्तर्गत प्राप्त हुनुपर्ने नि:शुल्क औषधिसमेत नियमितरूपमा उपलब्ध नहुनु गम्भीर समस्या हो । यसले गरीब तथा विपन्नवर्गका बिरामीहरूलाई थप मारमा पारेको छ । यस विषयमा सम्बन्धित सरोकारवाला निकायले तत्काल ध्यान दिई आवश्यक सुधारात्मक कदम चाल्न अत्यन्त आवश्यक देखिन्छ ।

प्रतिष्ठानअन्तर्गत सञ्चालन भइरहेको हेटौंडा अस्पतालमा सेवा, व्यवस्थापन र उत्तरदायित्वको सवाल बारम्बार उठिरहेको छ । नागरिकले गुणस्तरीय स्वास्थ्य सेवा पाउनुपर्ने संवैधानिक अधिकार हुंदाहुंदै पनि व्यवहारमा देखिएको लाप-रवाही र कमजोर व्यवस्थापनले गम्भीर प्रश्न खडा गरेको छ । उता, चितवनको भरतपुर अस्पतालले भने व्यवस्थापन, सेवा विस्तार र नागरिकमैत्री प्रणालीको उत्कृष्ट उदाहरण प्रस्तुत गरिरहेको छ । त्यहांका व्यवस्थापन समितिका सञ्चालकहरू र चिकित्सकहरूको सक्रियता, पार दर्शिता र उत्तरदायित्वले अस्पताललाई नमूना संस्थाको रूपमा स्थापित गरेको छ ।

भरतपुर अस्पतालमा बिरामीमैत्री सेवा प्रणाली, समयमै उपचार र सेवा प्रवाह, सर सफाइ, सेवा विस्तारमा निरन्तर सुधार जस्ता पक्षहरू स्पष्टरूपमा देख्न सकिन्छ । यही कारणले नागरिकको विश्वास जित्न चितवनको भरतपुर अस्पताल सफल भएको छ । तर प्रश्न उठछ किन हेटौंडा अस्पतालमा यस्ता सुधारका कार्यहरू लागू हुन सकेका छैनन ? डाक्टर रामचन्द्र सापकोटा लगायतका जिम्मेवार पदाधिकारीहरू र विकास व्यवस्थापन समितिका संचालकहरूले अब कागजी योजनामा सीमित नभई व्यवहारमा सुधार ल्याउनुपर्ने समय आएको छ । केवल बैठक र भाषणले होइन, प्रत्यक्ष कामले परिणाम दिनुपर्छ । अब आवश्यक के हो भने, प्रतिष्ठान र हेटौंडा अस्पतालका सम्पूर्ण जिम्मेवार पक्षहरूले एकपटक भरतपुर अस्पतालको स्थलगत अनुगमन गरून् । त्यहाँको व्यवस्थापन शैली, कार्यप्रणाली र सेवा प्रवाहलाई नजिकबाट अध्ययन गरून् र त्यसपछि त्यही सफल मोडेललाई हेटौंडामा लागू गर्न दृढतापूर्वक अघि बढून । अब बहाना होइन, परिणाम चाहिन्छ । अब योजना होइन, कार्यान्वयन चाहिन्छ । अब ढिलाइ होइन, सुधारको ठोस कदम चाहिन्छ । यदि भरतपुर अस्पतालले गर्न सक्छ भने, प्रतिष्ठान र हेटौंडा अस्पतालले किन सक्दैन ?

अत: माथि उल्लेखित सम्पूर्ण अवस्थालाई मध्यनजर गर्दै हेटौंडा अस्पताल र प्रतिष्ठानलाई छुट्टाछुट्टै सञ्चालन गर्ने, व्यवस्थापन सुधार गर्ने तथा नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा सुनिश्चित गर्ने दिशामा सम्बन्धित निकायले शीघ्र, ठोस र प्रभावकारी निर्णय लिनु अत्यावश्यक भएको छ ।

# हयग्रीवले त्यागे पार्टी

सन्देश संवाददाता

हेटौंडा/नेपाली कांग्रेसका पुराना कार्यकर्ता हयग्रीव आचार्यले पार्टीको साधारण सदस्यसमेत नरहने गरी राजीनामा दिएका छन् । हेटौंडा–५ निवासी आचार्यले जिल्ला कार्यसमिति मकवानपुरमार्फत् पार्टी सभापतिलाई सम्बोधन गर्दै राजीनामा बुझाएका हुन् ।

२०३८ सालदेखि वीपीको प्रजातान्त्रिक समाजवादबाट प्रेरित हुँदै राजनीतिमा सक्रिय आचार्य २०४६ सालमा पार्टीको साधारण सदस्य र २०५२ सालमा क्रियाशील सदस्य बनेका थिए। उनले पार्टीका विभिन्न दस्तावेज निर्माण, शिक्षा, साहित्य, मानवअधिकार तथा सहकारी क्षेत्रमार्फत् प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको संरक्षण र सम्वर्द्धनमा योगदान दिंदै आएका थिए । आफ्ना विचार र पार्टीको वर्तमान कार्यदिशाबीच गम्भीर असमानता उत्पन्न भएकाले आफूले पार्टी परित्याग गर्ने निर्णय लिएको उनको भनाइ छ। आचार्यले आफ्नो लामो राजनीतिकयात्रा अन्त्य गरेका छन्।

## हार्दिक शुभकामना



आयो बर्ष नयाँ नेपाल भूमिमा बोकी परिवर्तन
विकृतिहरूको विरुद्ध जनले गरे जिवन अर्पण
मिलीजुली मिलाइ खाने जनको अन्त्य गराइ वरी
आयो देशभरी नयाँ लहर यो नौलो उमङ्ग भरी
।।।
युवाको जोश जागर भरिएको नेतृत्व देशमा चल्यो
देशको खातिरमा समर्पित हुने देश भक्तीको दीप जल्यो
आएको नव वर्ष यो पनि सफल छाओस यहां मङ्गल
भातृत्व भरिएको देश बनि यो चम्कि रहोस झलमल्ल
।।।
भोको पेट र नाङ्गो आङ्ङ जनको होस खुली उद्योग
स्वदेश मै बसि बांच्ने हांस्ने जनको छाओस नयां संयोग
दुई हजार त्रिरासी साल जगमा उल्लासमय यो बनोस्
उद्योगधन्दा खुलेर विश्व भरमा नेपाल आहा भनोस्
।।।
मानवता नमरोस पवित्र भूमिमा सहभाव छायी रहोस्
आपसमा समता बढार ममता सद्भाव देशमा बढोस्
आपसमा गरी अंकमाल सेवा राखि मिठो भावना
नयां बर्ष बनोस् सफल जगतमा हाम्रो शुभकामना
नयाँ बर्षको शुभकामना

भोला प्रसाद शिवाकोटी

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा अवसरमा सम्पूर्ण चालकवर्ग, सवारीधनी, ट्राफिक प्रहरीज्यूहरु,कमचारी वर्गलगायत यातायात क्षेत्रसंग सम्बन्धितव्यक्तित्वहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

हिरालाल श्रेष्ठ (अध्यक्ष), सरोज खनाल (महासचिव) एवम्
**नारायणी यातायात ब्यवसायी संघ परिवार**

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

लिलाराज (सन्तोष) सापकोटा
**नेपाल तरुण दल, मकवानपुर परिवार**

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा हाम्रा सम्पूर्ण प्यारा विद्यार्थी, आदरणीय अभिभावकज्युहरु, शिक्षक तथा कर्मचारीहरु, शिक्षा क्षेत्रसँग सम्बन्धितव्यक्तित्वहरु एवम् सम्पूर्ण नेपालीजनहरुमा उत्तरोत्तर प्रगति र उन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिएस निकेतन परिवार**
हेटौंडा-४, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा अवसरमा सम्पूर्ण चालकवर्ग, सवारीधनी, ट्राफिक प्रहरीज्यूहरु,कमचारी वर्गलगायत यातायात क्षेत्रसंग सम्बन्धितव्यक्तित्वहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**सार्वजनिक यातायात मकवानपुर प्रा.लि. परिवार। हेटौंडा**

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नेपाल भ्यालअुर्स एशोसियसन, मकवानपुर, परिवार**

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**जिल्ला बचत तथा ऋण सहकारी संघ लि.**
हेटौंडा-२, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा समस्त उद्योगी व्यापारी, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

*प्रमोदसिं रानाभाट अध्यक्ष एवम्*
**मकवानपुर उद्योग बाणिज्य संघ**
**हेटौंडा, मकवानपुर परिवार**

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नारायणी अटो ट्रेड लिंक्स**
हेटौंडा-४ मेनरोड, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा वागमती प्रदेशका सम्पूर्ण राजनीतिक दलका नेतृत्वकर्ताहरु, प्रदेशसभा सदस्यहरु, कर्मचारी परिवार लगायत वागमती प्रदेशको विकासमा चिन्तनमनन् गर्नुहुने व्यक्तित्वहरु एवम् सम्पूर्ण नेपालीजनहरुमा उत्तरोत्तर प्रगति र उन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इन्द्रबहादुर बानियाँ (सभापति) एवम्
**नेपाली काँग्रेस बागमती प्रदेश समिति परिवार**
वागमती प्रदेश, हेटौंडा

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

व्यवस्थापक एवम्
**सहारा मल्टिपर्पस को अपरेटिभ सोसाईटी**
हेटौंडा, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा हाम्रा सम्पूर्ण प्यारा विद्यार्थी, आदरणीय अभिभावकज्युहरु, शिक्षक तथा कर्मचारीहरु, शिक्षा क्षेत्रसँग सम्बन्धितव्यक्तित्वहरु एवम् सम्पूर्ण नेपालीजनहरुमा उत्तरोत्तर प्रगति र उन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ज्ञानोदय बाल बाटिका एकेडेमी**
हेटौंडा-२, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा खानेपानी उपभोक्ता, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**हेटौंडा खानेपानी व्यवस्थापन बोर्ड**
हेटौंडा, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरु साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**ई-प्यालेस परिवार**
हेटौंडा-२, मानसचोक, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**गणपति बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-२, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**दिब्यतारा बहुउद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-४, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नव वर्ष २०८३ को पावन अवसरमा हाम्रा सम्पूर्ण प्यारा विद्यार्थी, आदरणीय अभिभावकज्युहरु, शिक्षक तथा कर्मचारीहरु, शिक्षा क्षेत्रसँग सम्बन्धितव्यक्तित्वहरु एवम् सम्पूर्ण नेपालीजनहरुमा उत्तरोत्तर प्रगति र उन्नतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नारायणी कलेज**
हेटौंडा-१० भुटनदेवीरोड, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**मकवानपुर बचत तथा ऋण सहकारी संस्था लि.**
हेटौंडा-४ स्कूलरोड, मकवानपुर, परिवार

## हार्दिक शुभकामना

नयाँ वर्ष २०८३ को उपलक्ष्यमा आम सहकारीकर्मी, बचतकर्ता तथा ऋणी, कर्मचारी, शुभेच्छुक, आमाबुबा, दाजुभाइ, दिदीबहिनीहरुका साथै देश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुको सुस्वास्थ्य, उन्नति र दीर्घायुको कामना गर्दै नववर्षको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

**नमूना बहुद्देश्यीय सहकारी संस्था लि.**
हेटौंडा-११ राप्तीरोड, मकवानपुर, परिवार

# सार्वजनिक खरिद ऐन १९ वर्षपछि संशोधनको तयारी




सन्देश संवाददाता

काठमाडौं/सरकारले सार्वजनिक खरिद ऐन कार्यान्वयन थालेको १९ वर्ष ३ महिनापछि संशोधनको अन्तिम तयारी गरेको छ। मौजुदा सार्वजनिक खरिद ऐन ३० पुस २०६३ देखि कार्यान्वयनमा आएको हो । वर्तमान बालेन्द्र शाह नेतृत्वको सरकारले समयानुकूल नयाँ अवधारणा समेट्न नसकेको कारण दिएर ऐन संशोधन गर्न लागेको हो। खरिद ऐन संशोधन गर्नुपर्नाका स्पष्ट ६ कारण दिइएको छ।

पहिलो कारण विद्यमान ऐनमा मल, औषधी, सूचनाप्रविधि जस्ता क्षेत्रगत् खरिदका लागि छुट्टै व्यवस्थाको अभाव रहेको संशोधन प्रस्तावमा उल्लेख छ । दोस्रोमा रिभर्स अक्सन र लागतको मूल्य (भ्यालु फर मनी) जस्ता आधुनिक खरिद विधिको अभावलाई देखाइएको छ। तेस्रोमा ई-गभर्मेन्ट मार्केटप्लेस र ईजीपी मार्केटप्लेस जस्ता डिजिटल खरिद प्लेटफर्मको कानुनी आधार अस्पष्ट हुनुलाई पनि ऐन संशोधनको कारण मानेको छ । चौथोमा कार्यसम्पादनमा आधारित सम्झौता (पर्फमेन्स बेस्ड कन्ट्र्याक्टिङ) सम्बन्धि स्पष्ट प्रावधानको कमीलाई पूरा गर्न संशोधन चाहिएको हो । पाँचौं, अति न्यून मूल्य प्रस्तावलाई निरुत्साहित गर्ने प्रभावकारी संयन्त्र अभाव छ भने छैटौंमा खरिद प्रक्रियामा गुणास्तरभन्दा न्यूनतम् मूल्यमा अत्यधिक जोड दिने व्यवस्थालाई परिवर्तन गर्न संशोधन गर्न लागिएको हो । यसबाहेक सार्वजनिक खरिद प्रणालीलाई आधुनिक, प्रतिस्पर्धी, पारदर्शी र परिणाममुखी बनाउन संशोधन आवश्यक रहेको प्रस्तावमा उल्लेख छ।

*संशोधनमा राखिएका प्रावधान*

मौजुदा ऐनको दफा ८ मा मालसामान, निर्माण कार्य वा अन्य सेवा गरिद गर्नुपर्दा १० वटा विधि छन् । त्यसमध्ये उपदफा (१) को खण्ड (क) को उपखण्ड (५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई सहभागी गराउने विधि छ । त्यसमा रहेको उपभोक्ता समितिलाई राखेर लाभग्राही समुदाय भन्ने शब्द झिकिएको छ। बोलपत्र अंक घटाघट गर्ने (रिभर्स अक्सन) विधि थपिएको छ। रिभर्स अक्सन विधि भन्नाले सार्वजनिक निकायको तोकिएको सीमासम्मको लागत अनुमानलाई अधिकतम् रकम मानी उक्त रकममा घटाघट गरी कबुल गर्न बोलपत्रदाता वा सेवाप्रदायकलाई निश्चित अवधि उपलब्ध गराइनेछ। उक्त अवधिमा सबैभन्दा कम अंक कबुल गर्न सफल बोलपत्रदाता वा सेवाप्रदायक छनौट गर्ने विधि हो।

मौजुदा ऐनमा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद नहुने उल्लेख छ । त्यसलाई संशोधित व्यवस्थाले एकापसमा अन्तरसम्बन्धित भइ एउटै प्याकेजमा सञ्चालन गर्नुपर्ने भएबाहेक प्रतिष्पर्धालाई संकुचित र सीमित गर्ने गरी ठूलाठूला प्याकेज बनाउन रोक लगाइएको छ। प्रतिष्पर्धालाई संकुचित र सीमित गर्ने गरी वा खरिद विधि परिवर्तन हुने गरी टुक्राटुक्रा पारी पनि खरिद गर्न पाइनेछैन। मौजुदा कानुनमा रहेको बोलपत्रदाताको योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायबाट निश्चित गरिएका निर्माण कार्यबाहेक दुई करोडसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा योग्यता निर्धारण गरिने छैन भन्ने व्यवस्था छ । यसलाई संशोधन गरेर तोकिएबमोजिम हुने प्रस्ताव गरिएको छ।

नयाँ व्यवस्थाका रुपमा अन्तर्राष्ट्रियस्तरमा शीघ्र मूल्य उतार चढाव हुने रासायनिक मल, विद्युत् ट्रान्सफर्मरमा प्रयोग हुने तेल र कपर वायर लगायत यस्तै प्रकृतिका मालसामान तथा उपकरणका हकमा तोकिएबमोजिम विशेष व्यवस्था गर्न सकिने व्यवस्था गरिएको छ। मूल ऐनको दफा ११ मा संशोधन प्रस्ताव गरिएको छ। मूल ऐनको दफा ११ को उपदफा (३) पछि उपदफा (४) र (५) थपिएका छन्। जहाँ उपदफा (४) मा उपदफा (२) बमोजिम खुलारुपमा आह्वान गरिने मालसामान, निर्माण कार्य वा अन्य सेवा खरिद सम्बन्धमा बोलपत्रदाताको योग्यता आवश्यक नहुने वा योग्यता आवश्यक पर्ने भनी सार्वजनिक निकायले निश्चित गरेको तोकिएको रकमसम्मको लागत अनुमानभन्दा कम लागत अनुमान भएको निर्माण कार्यको खरिदमा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव एक खाममा राखी पेश गर्नुपर्नेछ। उपदफा (५) मा उपदफा (२) बमोजिम खुलारुपमा आह्वान गरिने मालसामान र अन्य सेवा खरिदमा बोलपत्रदाताको योग्यता आवश्यक पर्नेमा वा तोकिएको रकमभन्दा बढीको निर्माण कार्य गर्दा बोलपत्रदाताले प्राविधिक र आर्थिक प्रस्ताव दुई अलगअलग खाममा राखी पेश गर्नुपर्नेछ।

दफा १३ को उपदफा 'द' मा एकै खाममा पेश गर्ने भए प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव एउटै खाममा पेस गर्नुपर्ने व्यहोरा र दुई खाममा पेश गर्ने भएमा प्राविधिक क्षमतालाई प्रमाणित गर्ने कागजात (प्राविधिक प्रस्ताव) र आर्थिक प्रस्ताव छुट्टाछुट्टै खाममा राखी सिलबन्दी गरी ती छुट्टाछुट्टै खामलाई पुन: अर्को एउटै खामभित्र राखी सिलबन्दी गरी पेस गर्नुपर्ने व्यहोरा राखिएको छ। यसअघि प्राविधिक क्षमतालाई प्रमाणित गर्नेकागजात तथा आर्थिक प्रस्ताव (बोल अंक) एउटै खाममा पेश गर्नुपर्ने व्यहोरा थियो।

*बोलपत्र आह्वानको सूचना पत्रिकामा प्रकाशन गर्ननपर्ने*

साबिकको व्यवस्थाअनुसार दफा १४ मा बोलपत्र आह्वानसम्बन्धि व्यवस्था छ। उपदफा १ मा बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वानको सूचना राष्ट्रियस्तरको दैनिक समाचारपत्रमा प्रकाशन गर्नुपर्नेछ । अन्तर्राष्ट्रियस्तरको बोलपत्रको हकमा अन्तर्राष्ट्रिय सञ्चारमाध्यममा समेत प्रकाशन गर्न सकिनेछ। तर, संशोधित व्यवस्थामा विद्युतीय खरिद प्रणालीमार्फत् बोलपत्र वा पूर्वयोग्यता निर्धारणको प्रस्ताव आह्वान गरिएको अवस्थामा यस्तो आह्वानको सूचना विद्युतीय प्रणालीबाहेक अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन।

# आजदेखि वि.सं २०८३

सन्देश संवाददाता

हेटौंडा/आजदेखि विक्रम सम्वत् २०८३ साल सुरु भएको छ। नयाँ वर्ष प्रारम्भ भएको पहिलो दिन आज नेपालमा र विदेशमा रहेका नेपालीहरुले हर्षोल्लाससाथ एकापसमा शुभकामना आदानप्रदान गरी मनाइरहेका छन्। नयाँ वर्ष आरम्भका अवसरमा आज नेपालभरका सरकारी कार्यालय, सार्वजनिक संस्थान एवम् शिक्षण संस्थामा सार्वजनिक बिदा दिइएको छ।

नयाँ वर्षको अवसरमा राष्ट्रपति रामचन्द्र पौडेल, उपराष्ट्रपति रामसहाय प्रसाद यादब, प्रधानमन्त्री बालेन शाह, सभामुख डीपी अर्याल, राष्ट्रियसभा अध्यक्ष नारायण दाहाल, राजनीतिक दलका शीर्ष नेतालगायतले शुभकामना सन्देश दिँदै सबै नेपालीको उन्नति/प्रगतिको कामना गरेका छन्। नयाँ वर्षमा सफलता मिल्ने शुभकामना एक अर्कामा व्यक्त गर्दै, मिष्ठान्न भोजन बाँड्दै, साँस्कृतिक उत्सव आयोजना गर्दै आज नयाँ वर्ष विशेष पर्वका रुपमा मनाउने गरिन्छ । सफलता प्राप्त गर्न आजका दिन नयाँ योजना निर्माण एवम् सत्संकल्प गर्ने परम्पर ासमेत छ। आजको दिन नयाँ कामको थालनी गर्ने परम्परा पनि छ।

आज विहानै स्नान गर्ने, मन्दिर जाने, घर सफा गर्ने, मीठोमीठो खाने, साथीसंगी तथा इष्टमित्रसँग भेटघाट गरी एकापसमा शुभकामना आदानप्रदान गर्ने गरिन्छ। नयाँ वर्षको पहिलो दिन राम्रो सुरुआत भए वर्षभर राम्रो हुने जनविश्वास छ। विक्रमादित्यले चलाएको सम्वत् भएकाले यस सम्वत्लाई विक्रम सम्वत् भनिएको हो। मल्लकालदेखि नेपालमा मौलिक सम्वत्का रुपमा विक्रम सम्वत् चलेको हो। नेपालमा मात्र मौलिकरुपमा यो सम्वत् चल्छ। भारतमा सरकारी सम्वत् शकसम्वत् भए पनि व्यवहारमा इस्वी सम्वत् चलेको छ । १२ औं शताब्दीमा गुजरातबाट आएका विद्वानले किताब सार्दा पहिलोपटक विक्रम सम्वत् प्रयोग गरेको लिखित दस्तावेज फेला परेको इतिहासका जानकारहरु बताउँछन्।

# सम्पती शुद्धीकरण निवारण प्रणाली थप मजबुत्

सन्देश संवाददाता

काठमाडौं/नेपाल राष्ट्र बैंकले विदेशी विनिमय र सम्पती शुद्धीकरण निवारण (एएमएल/सीएफटी) प्रणालीलाई थप मजबुत् बनाउँदै बैंकिङ कारोबारमा नीतिगत् परिवर्तन गरेको छ। केन्द्रीय बैंकले एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै एकातिर सुरक्षा व्यवस्थामा कडाइ गरेको छ भने अर्कोतिर सर्वसाधारण र व्यवसायीलाई केही प्रक्रियागत् सहजतासमेत प्रदान गरेको छ।

राष्ट्र बैंक विदेशी विनिमय व्यवस्थापन विभागबाट जारी भएको एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै अब विदेशबाट बैंक खातामा आएको कुनै पनि रकम फिर्ता पठाउनुपर्ने अवस्था आए बैंकहरुले थप सतर्कता अपनाउनुपर्ने व्यवस्था गरेको छ । नयाँ व्यवस्थाअनुसार यदि त्यस्तो रकम अवैधानिक, आपराधिक वा शंकास्पद् देखिएमा बैंकले त्यसलाई फिर्ता पठाउन पाउने छैनन् । यस व्यवस्थाले शंकास्पद् धनको ओसार पसार रोक्न र सम्पती शुद्धीकरण निवारणमा नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई थप बलियो बनाउने विश्वास राष्ट्र बैंकको छ।

संशोधित व्यवस्थाले नेपाली नागरिकले आफ्नो व्यक्तिगत् विदेशी मुद्रा खातामा ५ हजार अमेरिकी डलरसम्म नगद जम्मा गर्न चाहेमा अब कागजी प्रमाणको झन्झट हटाइएको छ । यदि आवश्यक स्रोत खुल्ने पर्याप्त कागजात पुग्दैन भने ग्राहकले गर्ने स्वघोषणाका आधारमा मात्र पनि बैंकले रकम जम्मा गरिदिने लचिलो व्यवस्था गरिएको छ। नेपाली नागरिक कुनै देशमा जाँदा त्यहााको भिसा प्रयोजनका लागि फिर्ता हुने गरी धरौटी राख्नुपर्ने प्रावधान भएमा अब बैंकले ५ हजार डलरसम्मको इलेक्ट्रोनिक कार्ड जारी गरिदिनेछन्। यसले गर्दा विदेश जानेहरुलाई भिसा प्रक्रियाका लागि आवश्यक पर्ने वित्तीय ग्यारेन्टी जुटाउन सहज हुनेछ।

भारतीय रुपैयाँ खातामा रकम प्राप्त भएपछि त्यसलाई नेपाली रुपियाँमा साट्नुपर्ने समयसीमामा पनि राष्ट्र बैंकले उदारता देखाएको छ। यसअघि ७ दिनभित्र साट्नुपर्ने प्रावधान रहेकोमा त्यसलाई बढाएर अब १५ कार्यदिन बनाइएको छ । आयात व्यापारलाई थप सहज र पारदर्शी बनाउन नगद मार्जिनको व्यवस्थामा ठूलो कटौती गरिएको छ। विद्युतीय भुक्तानी प्रणाली लागु भएका भन्सार कार्यालयहरुबाट हुने आयातमा राखिने नगद मार्जिनको सीमा ह्वात्तै घटाएको हो। संशोधित व्यवस्थाअनुसार विद्युतीय प्रणालीमार्फत् भुक्तानी हुने भन्सार विन्दुबाट सामान आयात गर्दामात्र उद्योगहरु १ प्रतिशत् र व्यापारिक फर्महरुले ३ प्रतिशत् नगद मार्जिन राख्दा हुने व्यवस्था गरिएको छ। आफ्नै प्रयोजनका लागि कच्चापदार्थ आयात गर्ने उद्योगहरुले यसअघि २ प्रतिशत् नगद मार्जिन राख्नुपर्ने व्यवस्था रहेकोमा त्यसलाई घटाएर १ प्रतिशत्मात्र कायम गरिएको हो।

# लागूऔषधसहित ४ जना पक्राउ



सन्देश संवाददाता

हेटौंडा/मकवानपुर प्रहरीले लागूऔषधसहित चार जनालाई पक्राउ गरेको छ । शनिबार र आइतबार प्रहरी कार्यालय मकवानपुरबाट खटिएको टोलीले गस्तीका क्रममा जिल्लाका विभिन्न स्थानमा चेकजाँच तथा खानतलासी गर्दा उनीहरूलाई नियन्त्रणमा लिएको हो ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरका अनुसार हेटौंडा-११ बस्ने ३२ वर्षीय बिकी विश्वकर्मा र हेटौंडा-१२ बस्ने ३० वर्षीय बुद्ध स्याङतानको साथबाट प्रतिबन्धित लागूऔषध खैरो हेरोइन ३ ग्राम १३० मिलिग्राम तथा ट्रामाडोल १० क्याप्सुल बरामद गरिएको थियो ।

त्यसैगरी मकवानपुरगढी गाउँपालिका-३ बस्ने १९ वर्षीय गणेश घिमिरे र हेटौंडा-१ बस्ने ३० वर्षीय सुमन लामाको साथबाट २ किलो ४०० ग्राम गाँजा फेला परेको प्रहरीले जनाएको छ।

बरामद गरिएको लागूऔषधसहित चारै जनालाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालत हेटौंडाबाट लागूऔषध कसुर मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको प्रहरीले जानकारी दिएको छ।

# 'ट्रिकी' पिचमा आसिफले बनाएको कीर्तिमानी दोहोरो शतक

सन्देश संवाददाता

काठमाडौं/यस वर्षको अन्तिम दिन नेपाली क्रिकेटका लागि शानदार रहरुयो । वर्षको अन्त्य हुँदाहुँदै नेपाली क्रिकेटकै दुर्लभ कीर्तिमान आज बन्यो । मधेश प्रदेशमा भइरहेको पीएम कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगितामा मंगलबारका दुवै खेलमा केही कीर्तिमानहरू बन्दा तीमध्ये एउटा थियो आसिफ शेखको दोहोरो शतक।

वीरगन्जस्थित नारायणी क्रिकेट रंगशालामा आसिफ शेखले पीएम कप इतिहासकै पहिलो दोहोरो शतक बनाएका हुन्। नेपाली घरेलु क्रिकेटको सबैभन्दा महत्त्वपूर्ण प्रतियोगिता समेत रहेको पीएम कपमा शतकहरू बन्ने गरेको भएपनि दोहोरो शतक पहिलोपटक बनेको हो।

विश्व क्रिकेटमै दोहोरो शतक दुर्लभ हुने गर्छ, विशेषगरी ५० ओभरको खेलमा । त्यसमाथि नेपाली क्रिकेटको यो स्तरको प्रतियोगितामा त शतक नै बन्नु पनि ठूलो कुरा मानिन्छ।

अझ भनौं मधेश प्रदेशमा देखिएको फरक किसिमको विकेट जहाँ ब्याटरहरू धैर्यता गुमाएर चाँडै आउट हुँदै आएका थिए, टिमले ५० ओभर नै नखेली अलआउट हुने, १०० रन कटाउन पनि मुस्किल हुने अवस्थाका बीच आसिफले संयमित पारी खेल्दै दोहोरो शतक बनाउनु साँच्चै नै अभूतपूर्व हो। ट्रिकी पिचमा संयमित पारी

मधेश प्रदेशका जनकपुर र वीरगन्जमा भइरहेको पीएम कपमा बलरहरू हावी भएको देखिँदै आएको थियो । तर सोमबार भने फरक दृश्य देखियो । दुवै खेलमा ३५० भन्दा माथिको योगफल बनेको थियो। वीरगन्जमा एपीएफले ५० ओभरमा ४ विकेट गुमाएर ३९० रन बनाएको थियो । यो पीएम कप इतिहासकै सर्वाधिक योगफल थियो । उता जनकपुरमा त्रिभुवन आर्मी क्लबले ३६२ रनको योगफल बनाएको थियो । त्यहाँ पनि झन्डै दोहोरो शतक प्रहार भएको थियो।

आर्मीका कप्तान विनोद भण्डारीले १८९ रन बनाएका थिए। आर्मीले आफ्नो पीएम कप इतिहासकै उच्च योगफल बनायो। दुवैतर्फको योगफल यसअघिको उच्च योगफलभन्दा बढी हुन्।. एपीएफको विशाल योगफलमा आसिफले २०८ रन बनाएर रिटायर भएका थिए। १४२ बल खेलेका उनले १५ चौका र १७ छक्का प्रहार गरे। यसअघिको व्यक्तिगत उच्च स्कोर एपीएफकै प्रदिप ऐरीको नाममा थियो। उनले सन् २०१८ को पीएम कपमा मधेश प्रदेश (त्यसबेला प्रदेश नं २) विरुद्ध १५८ रन बनाएका थिए। आसिफले सुरुमा पिच अलिकति कठिन देखिएको तर विस्तारै समय लिएर इनिङ बिल्ड गर्दै लगेको बताए । 'सुरुमा अलिकति गाह्रो थियो विकेटमा खेल्न, विस्तारै समय लिएर खेल्दै गएपछि इनिङ बिल्ड भयो। दोहोरो शतकको बारेमा सोचेको थिइनँ । समय लिएर खेल्दै गएपछि सजिलो भयो' आसिफले भने।

उनले साझेदारी बनाउने नै मुख्य प्राथमिकतामा राखेको बताए। 'विकेट चाँडै गएको थियो, कप्तान रोहितसँग साझेदारी बनाएर खेल्ने योजना थियो, त्यही अनुसार सफल भयौं' उनले भने।

# नयाँ वर्षको अवसरमा हेटौंडामा भजन कार्यक्रम आयोजना हुँदै




सन्देश संवाददाता

हेटौंडा/नयाँ वर्ष २०८३ को शुभ अवसर पारेर मकवानपुरको हेटौंडामा भजन कार्यक्रम आयोजना गरिने भएको छ। एमआर आर समूह हेटौंडाद्वारा आयोजित उक्त कार्यक्रम वैशाख १ गते (मंगलबार) बिहान ७ बजेदेखि सञ्चालन गरिने आयोजकले जनाएको छ।

नयाँ वर्षको सुरुवात धार्मिक तथा आध्यात्मिक वातावरणमा गर्दै सकारात्मक ऊर्जा प्रवाह गर्ने उद्देश्यले कार्यक्रम आयोजना गर्न लागिएको जनाइएको छ । आयोजकका अनुसार भजनमार्फत मनलाई शान्त, सकारात्मक र ऊर्जावान बनाउँदै नयाँ वर्षलाई अर्थपूर्ण बनाउने लक्ष्य लिइएको छ।

कार्यक्रममार्फत धार्मिक सचेतना अभिवृद्धि गर्नुका साथै नेपाली धर्म, संस्कृति र परम्परालाई संरक्षण गर्दै नयाँ पुस्तासम्म पुर्‍याउने पवित्र उद्देश्य राखिएको समूहले जनाएको छ। सोही अवसरमा सम्पूर्ण सर्वसाधारणलाई कार्यक्रममा सहभागी हुन निमन्त्रणा गरिएको छ।

सामाजिक सञ्जाल फेसबुकमार्फत हालै स्थापना भएको एमआर आर समूहले विगत करिब एक महिनादेखि प्रत्येक शुक्रबार साँझ ५:३० बजे पशुपति मन्दिर परिसरमा नियमितरूपमा भजन कार्यक्रम सञ्चालन गर्दै आएको छ।

करिब ५० युवाको सक्रिय सहभागितामा सञ्चालनमा आएको उक्त समूहलाई विभिन्न संघसंस्था तथा समाजसेवीहरूले सुरुदेखि नै प्रोत्साहन र सहयोग गर्दै आएका छन्।

यस पहलको मुख्य उद्देश्य युवाहरूलाई लागुऔषध दुर्व्यसनबाट टाढा राख्दै सकारात्मक सोच र ऊर्जा प्रवाह गर्नु रहेको जनाइएको छ। मकवानपुर लगायतका क्षेत्रमा लागुऔषधको जोखिम बढिरहेका बेला यस्तो सामाजिक तथा धार्मिक गतिविधिले युवा वर्गमा चेतना र उत्साह अभिवृद्धि गरेको विश्वास गरिएको छ।

एमआरआर समूहले भजनमार्फत एकता, सामाजिक उत्तरदायित्व र सकारात्मक सन्देश प्रवाह गर्दै देशभरका युवालाई प्रेरित गरिरहेको जनाएको छ।


## ब्लु हेवन टेलर्स सरेको सूचना

हेटौंडाको पुरानो लोकप्रिय **ब्लु हेवन टेलर्स** सडक बिस्तारका क्रममा मेनरोडबाट कान्तिराजपथको **शाक्य प्लाजा** मा सरेको जानकारी गराउंदछौं।
सदाझै यहांहरुको माया र सद्भाव पाईरहने आशासमेत गरेका छौं।






Goverment of Bagamati Province
Ministry of Culture and Tourism
**Tourism Development Project**
Makwanpur, Nepal

## Invitation for Sealed Quotation

*Date of Publication:2083/01/01*

1. Government of Bagmati Province, Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal invites sealed quotation from eligible bidders for the following projects.
2. Eligible Bidders may obtain further information at Ministry of Culture and Tourism, Tourism Development Project, Hetauda, Makwanpur, Nepal and a complete set of Bidding Documents is available on office address, telephone:057-520286 and email address: tdpbagamati@gmail.com.
3. A complete set of Bidding Documents may be purchased and submit to the office Tourism Development Project, Hetauda,Bagmati Province by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate/ tax clearance and upon payment of a non-refundable fee of Rs. 1000.00 till 2083/01/15 12:00. Bidders, submitting their bid should deposit the cost of bidding document in the following account:
   **Name of the Bank** : Rastriya Banijya Bank Ltd.
   **Name of Office** : Tourism Development Project, Hetauda, Bagmati Province Office
   **Code no.** : 3250032143
   **Office Account no.** : 1000200010000
   **Rajaswa (revenue) Shirshak no.:** 14229
   *Cash Deposit Account for Bid Security:*
   **Account Name** : Province Treasury Controller Office
   **Bank Name** : Rastriya Banijya Bank Ltd.
   **Bank Address** : Hetauda,Makwanpur
   **Account Number** : 1300100202030000
4. **Bid Document Fee** : Rs 1000/–
5. The name and identification of the contracts is as follows:

| S.N0 | Contract No. | Name of Contract | Estimated Amount | Bid Security Amount | Bid Opening Date |
|---|---|---|---|---|---|
| 1 | TDP/W/SQ/SIN/ 082/83-1 | Bhimaleshor Mahadev Mandir Golanjor 3, Sulivanjyang Sindhuli | NRs. 13,23,517.88 /- (Exclusive of Vat & Contingencies) | NRs. 33,000/- | 2083-01-15 13:00 |
| 2 | TDP/W/SQ/ RAM/082/83-1 | Construction of Bhalukhop Pokhari and Park at Ramechhap. Municipality, Ramechhap | NRs. 17,64,621.94 /- (Exclusive of Vat & Contingencies) | NRs. 45,000/- | 2083-01-15 13:00 |

Project Chief



## चालु फेन्सी पसल बिक्रीमा

हेटौंडा-४ स्कूलरोडमा रहेको अति चालु अवस्थाको जेन्स फेन्सी पसल विशेष कारणले बिक्री गर्न लागेकोले ईच्छुक खरिदकर्ताले सिधैं सम्पर्क राख्नुहोला।
सम्पर्क :
९८४५०३१७८६, ९८२११४००२२

## आकर्षक घडेरी बिक्रीमा

हेटौंडा-२, जिल्ला प्रशासन कार्यालय, मकवानपुरबाट करिव २०० मिटर पुर्वतर्फ वनखण्डी टोलमा रहेको १३ धुरको २ टुक्रा घडेरी बिक्रीमा छ। ईच्छुक खरिद कर्ता महानुभावले सम्पर्क गर्नु होला। आधा नगद र आधा हेटौंडा नजिकको जग्गासंग साट्नसमेत सकिनेछ।
**सम्पर्क नम्बर** : ९८४५१२३३६६

## आकर्षक जग्गा बिक्रीमा

हेटौंडा उपमहानगरपालिका वडा नं. ८ कमाने फायरलाईनसँगै जोडिएको, सडक छेउमा रहेको ५ कठ्ठा (टुक्र्याउन सकिने) र हेटौंडा रिगल रिसोर्ट बाहिर रहेको १ कठ्ठा आकर्षक तुरुन्त बिक्रीमा छ। ईच्छुक खरिदकर्ताले तुरुन्त सम्पर्क गर्नु होला।
सम्पर्क : ९८४५९७८३५८, ९८४५०३१२१७



प्रकाशक: केदारप्रसाद न्यौपानेद्वारा हेटौंडा सन्देश दैनिकका लागि प्रकाशित/मुद्रित: सन्देश छापाखाना ।। कार्यालय: हेटौंडा-२ मानस चोक ।। फोन: ०५७-५२२२३७, ५२४२३६, ।। E-mail: htd.sandesh@gmail.com, ।। सम्पादक: माधव न्यौपाने